राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन १६ औं वार्षिकोत्सव

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३२ ।। २०८० फागुन २४ गते बिहिबार (7th Mar 2024 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

प्रधानमन्त्रीले गरे मन्त्रिपरिषद् विस्तार
गठबन्धनका १६ मन्त्रीले लिए शपथ

भ्रापा(प्रस) । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रिपरिषद् विस्तार गरेका छन्। मन्त्रिपरिषद्को पुनर्गठन गरेर प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेका हुन्।

बुधवार राष्ट्रपति भवनमा आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलसमक्ष नवनियुक्त मन्त्रीले नेपालको संविधानको धारा ८० बमोजिम मन्त्री पदको पद तथा गोपनीयताको शपथ ग्रहण गरेको राष्ट्रपति कार्यालयले जनाएको छ।

सपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहाय यादव, प्रधानमन्त्री प्रचण्ड, सभामुख देवराज घिमिरे सहभागी थिए।

प्रचण्ड नेतृत्वको सरकारमा एमालेले ८ वटा मन्त्रालय पाएको छ। एमालेबाट उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रीमा रघुवीर महासेठ, कानुन न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरी, रक्षा मन्त्री हरि उप्रेती, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री भगवती चौधरी, खानेपानी मन्त्री राजेन्द्र राई, उद्योग,

वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दामोदर भण्डारी, कृषि तथा पशुपन्छी विकास मन्त्रीमा ज्वालाकुमारी साह, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी रहेका छन्।

माओवादी केन्द्रले प्रधानमन्त्रीसहित ६ मन्त्रालय पाएको छ। नेकपा (माओवादी केन्द्र) बाट उपप्रधान तथा परराष्ट्रमन्त्रीमा नारायणकाजी श्रेष्ठ, अर्थ मन्त्री वर्षमान पुन, सञ्चार तथा सूचना प्रविधि मन्त्रीमा रेखा शर्मा, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीमा शक्तिबहादुर बस्नेत, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा हितबहादुर तामाङ रहेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीले गृह मन्त्रालयसहित ४ वटा मन्त्रालयको जिम्मेवारी पाएको छ। पार्टी बैठकको निर्णय अनुसार गृह मन्त्रालयमा सभापति रवि लामिछाने, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा उपसभापति डीपी अर्याल, युवा तथा खेलकुदमा विराजभक्त श्रेष्ठ र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सुमना श्रेष्ठलाई पठाइएको रास्वपाका महामन्त्री डा. मुकुल ढकालले जानकारी दिए। गृहमा पुनः लामिछाने दोहोरिने अडान लिएका थिए।

एकीकृत समाजवादीबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा भानुभक्त जोशी र शहरी विकास मन्त्रीमा धनबहादुर बुढा रहेका छन्। समाजवादीले मन्त्रीको नामावली दिन ढिलाई हुँदा पद तथा गोपनीयताको शपथ ग्रहण निर्धारित समयभन्दा २ घण्टा ढिलो भएको हो। सोमबार भएको नयाँ सत्ता समीकरणमा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी र जसपा छन्।

उनीहरुले अन्य दललाई पनि गठबन्धनमा भित्र्याउन पहल गरिरहेका छन्। सोमबार नै एमालेबाट पदम गिरी, माओवादी केन्द्रबाट हितबहादुर तामाङ, रास्वपाबाट डीपी अर्याललले बिना विभागीय मन्त्रीको सपथ ग्रहण गरेका थिए। उनीहरुको मन्त्रालय बुधवार टुंगो लागेको हो।

यता गठबन्धनमा आवद्ध जसपाका नेता मोहम्मद इस्तिहाक राईले नयाँ सत्ता समिकरणलाई समर्थन गरेको भएपनि सरकारमा सहभागी हुने/ नहुने भन्ने टुंगो लाग्न बाँकी रहेको जानकारी दिए।

कांग्रेसको समर्थन फिर्ता, नेकपा एस सरकारमा जाने

भ्रापा(प्रस) ।कांग्रेसले पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ। मंगलबार पार्टी सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठमा बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको हो।

उपसभापति धनराज गुरुङका अनुसार सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको हो। उनले भने, 'दाहाल सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय भएको छ। अब कांग्रेसले रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने भनेर बैठक सकियो।'

बैठकले इलाम र बझाङको उपनिर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता गर्ने निर्णय पनि गरेको छ। एमाले, माओवादी र रास्वपा एक वर्षपछि एक ठाउँमा भएछपि कांग्रेस सरकारबाट बाहिरिएको हो। अघिल्लो वर्ष १० पुषमा बनेको गठबन्धन भत्किएपछि २५ फागुनको राष्ट्रपति निर्वाचनसँगै कांग्रेस र माओवादीबीच नयाँ गठबन्धन बनेको थियो।

एमाले-माओवादीका दोस्रो तहका नेताहरूका अनुसार प्रधानमन्त्रीमा आलोपालो गर्ने र २०८४ को चुनावमा चुनावी गठबन्धन वा पार्टी एकतासम्म गर्ने विषयमा समझदारी भएपछि नयाँ राजनीतिक 'कोर्स' सुरु भएको हो। यही सहमतिअनुसार प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्ना सबै मन्त्रीलाई बिदा गरेर सोमबार एमाले, माओवादी र रास्वपाका एक/एक जना मन्त्री नियुक्त गरेका छन्। एमालेका पदम गिरी, माओवादीका हितबहादुर तामाङ र रास्वपाबाट डोलप्रसाद अर्याललेबिनाविभागीय मन्त्रीको हैसियतमा शपथ लिएका छन्। केन्द्र र प्रदेशका नेतृत्वसहित सबै विषय टुंगो लगाएपछि एमाले, रास्वपा र जसपाका वरिष्ठ नेताहरूलाई उपप्रधानमन्त्रीसहित मन्त्रालय दिएर सरकारमा सहभागी गराउने तयारी छ। जसपा अध्यक्ष उपेन्द्र यादव आफैं सरकारमा सहभागी हुन खोजेकाले पहिलो चरणमा कसैलाई पनि उनले मन्त्री तोकेका छैनन्। उनले उपप्रधानसहित परराष्ट्रमन्त्री लिने समझदारी भएको छ। रास्वपा सभापति रवि लामिछानेले उपप्रधानसहित गृहमन्त्रीमा दाबी गर्दै आएका छन्। तर, सहमति

❖ बाँकी अन्तिम पृष्ठमा

चारजना शैक्षिक अगुवालाई उत्कृष्ट नारी सम्मान

मेचीनगर(प्रस)। मेचीनगर लेडी जेसीजले ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर बुधबार नगरका चारजना महिलालाई उत्कृष्ट नारी सम्मान प्रदान गरेको छ । धुलावारीमा आयोजित कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य सविना बजगाई, विशिष्ट अतिथि मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीले उनीहरुलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरे । उत्कृष्ट नारी सम्मान प्राप्त गर्नेहरुमा सावित्रा सापकोटा राई

, गोमा बुढाथोकी, अनिता थापा र अमृता आइदेम्बे छन् । नगरको शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै उनीहरुलाई उत्कृष्ट नारी सम्मान प्रदान गरिएको हो । सापकोटा इष्ट होराइजन माविका प्रशासन प्रमुख, बुढाथोकी एभरेष्ट अंग्रेजी माविका सहायक प्रधानाध्यापक, थापा पशुपति अंग्रेजी माविका सञ्चालक र आइदेम्बे होलीवेल माविका सञ्चालक हुन् ।

मेचीनगर लेडी जेसीजकी अध्यक्ष पवित्रा विमली प्रसाईको अध्यक्षतामा भएको कार्यक्रममा लामो समयदेखि शैक्षिक क्षेत्रमा आवद्ध भएर समाजमा शिक्षाको प्रकाश फैलाउँदै राष्ट्रका कर्णधार र दक्ष जनशक्ति उत्पादनमा खेलेको अतुलनीय योगदानको उच्च सम्मान गर्दै सम्मानपत्र प्रदान गरिएको जनाईएको छ । सम्मानित व्यक्तित्वहरुको जीवनीबारे मेचीनगर लेडी जेसीजकी सचिव सुष्मा राजवंशीले जानकारी दिएकी थिइन् ।

❖ बाँकी अन्तिम पृष्ठमा

वक्तृत्वकला प्रतियोगितामा कृतिका प्रथम

बिर्तामोड,फागुन २३ । बिर्तामोड नगरपालिकाले ११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा कृतिका आचार्य प्रथम भएकी छन् ।

दिवसको यस वर्षको नारा 'महिलामा लगानी, सभ्य र समुन्नत समाजको थालनी' भन्ने शिर्षकमा आयोजित माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगितामा निधि

माध्यमिक विद्यालयमा कक्षा ११मा अध्ययनरत आचार्य प्रथम भएकी हुन् । यसैगरी देवी माध्यमिक विद्यालयमा कक्षा १२मा अध्ययनरत रेजिना बाँस्कोटा दोस्रो, मोहनमाया माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत बिना खतिवडा तेस्रो र एमिटी माध्यमिक विद्यालयमा कक्षा ११ मै अध्ययनरत बानिरा ओली सान्त्वना भएका छन् ।

प्रतियोगिताका विजेताहरुले क्रमशः ७ हजार, ६ हजार, ५ हजार र २ हजार नगदसहित प्रमाणपत्र प्राप्त गरेका छन् । विजेताहरुलाई कार्यक्रमकी प्रमुख अतिथि नगर प्रमुख पवित्रा महतारा प्रसाई, निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलचन भण्डारी, महिला बालबालिका शाखा संयोजक

❖ बाँकी अन्तिम पृष्ठमा

साविक विजेता आर्मी झापा गोल्डकपको सेमिफाइनलमा

बिर्तामोड(प्रस) । डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मी फुटबल क्लब झापामा जारी छैटौं झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । यस सिजनको सर्वाधिक सफल क्लब मछिन्द्र फुटबल क्लबमाथि २-१ गोलअन्तरको जित निकाल्दै आर्मीले सेमिफाइनलको यात्रा तय गरेको हो ।

खेलको ११औं मिनेटमै मछिन्द्रले अग्रता लिएको थियो । मछिन्द्रका लागि विदेशी खेलाडी स्टेफन बिनोङले गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । हिसुब थपलियाको पासमा बिनोङले बललाई गोलपोस्टको दिशा दिएका हुन् ।खेलको ६१औं मिनेटमा आर्मीले खेल बराबरीमा ल्याएको थियो । स्टार स्ट्राइकर नवयुग श्रेष्ठले गोल गर्दै टिमलाई बराबरीको स्थितिमा ल्याएका थिए । आर्मीका तर्फबाट ८१औं मिनेटमा बसन्त जिम्बाले निर्णायक गोल गरेका थिए । पेनाल्टी एरियामा पाएको बललाई जिम्बाले तीनजना विपक्षी खेलाडीलाई छक्याउँदै गोल गरेका थिए ।

जितसँगै झापा गोल्डकपको चारपटकको विजेता आर्मीले सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ । पहिलोपटक सहभागी भएको मछिन्द्र क्वार्टरफाइनलबाटै घर फर्किएको छ । पराजयसँगै मछिन्द्र यो सिजनमा उपाधि ह्याट्रिक गर्नबाट बञ्चित भएको छ । मछिन्द्रले लगातार केपी ओली कप र बागमती गोल्डकपको उपाधि हात पारेको थियो ।

खेलको सातौं मिनेटमा नवयुगले

गोलरक्षकसँग वान टु वानको अवस्थामा गोल गर्न सकेनन् । उनको फितलो प्रहार विपक्षी गोलरक्षक विशाल श्रेष्ठले सहजै नियन्त्रणमा लिए । खेल अवधिभर मछिन्द्रले आर्मीमाथि दबाब कायम राखेको थियो । तर, समयमा स्कोर हुन नसक्दा आर्मीसँग पराजय व्यहोर्नु पऱ्यो ।खेलको सुरुवातमै मछिन्द्रले आर्मीमाथि दबाब दिन सुरु गरेको थियो । चौथो मिनेटमा मछिन्द्रका विदेशी खेलाडी ओमोलाजा करिमको फ्रिकिकमा विमल घर्तीमगरको हेडर बाहिरियो । पाँचौं मिनेटमा देवेन्द्र तामाङको हेडर बाहिरिँदा खेलमा अग्रसरता दिन मछिन्द्र असफल भयो । २२ औं मिनेटमा अभिषेक गुरुङको विमलले गरेको कडा प्रहार आर्मीका गोलरक्षक विकेश कुथुले पञ्च गरेर बचाएपछि खेललाई २-० को अग्रता दिलाउने अवसरबाट उनी बञ्चित भए । ८० औं मिनेटमा गोलरक्षक अगाडि बढेको समयमा आयुष घलानले गरेको प्रहार पोस्टबाट बाहिरियो ।

खेलको प्लेयर अफ दि म्याच आर्मीका बसन्त जिम्बा घोषित भए । उनलाई कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मत कार्कीलगायतले नगद ११ हजार र ट्रफी प्रदान गरे ।

आर्मीका प्रशिक्षक मेघराज केसीले देशका महत्वपूर्ण गोल्डकपको सूचीमा झापा गोल्डकप भएकाले यो गोल्डकप गुमाउने चाहना आर्मीले नराखेकोले जित्ने रणनीतिका साथ मैदानमा उत्रिएर सफल हुन सकेको प्रतिक्रिया दिए । पछिल्लो चरणमा आर्मीले नयाँ र पुराना खेलाडीलाई मिश्रण गरेर खेलाउने गरेको भन्दै उनले नयाँ र पुरानो खेलाडीबीचमा तालमेल मिल्दा जित सम्भव भएको बताए ।

मछिन्द्रका प्रशिक्षक सन्तोष न्यौपानेले खेलाडीहरुले उत्कृष्ट प्रदर्शन गर्दागर्दै पनि मिडफिल्डर र डिफेन्डरको सानो गल्तीका कारण खेलमा पराजय भएको बताए ।

१० टोली सहभागी गोल्डकपको विजेताले नगद १३ लाखसहित आकर्षक ट्रफी पाउनेछ भने उपविजेता टोलीले नगद ७ लाखमा चित्त बुझाउनु पर्नेछ । १ करोड ४० लाख खर्च हुने अनुमान गरिएको गोल्डकपमा झापा ११ एफसीले बिहीबार एन्फा मकवानपुरसँग अन्तिम क्वार्टरफाइनल खेल खेल्नेछ ।

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्यास्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, दाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा ढँगढँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

कालिका वनको साधारणसभामा खेलाडीलाई सम्मान

मेचीनगर(प्रस)। कालिका सामुदायिक वन उपभोक्ता समूह मेचीनगर ११ र १२ ले बुधबार एकजना खेलाडीलाई सम्मान गरेको छ । समूहको २८ औं साधारणसभाको अवसर पारेर नेपाल सितोरियो करातेका राष्ट्रिय रेफ्री राजेन्द्र कार्कीलाई नगदसहित सम्मान गरेको हो । साधारणसभाको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखेल उप्रेतीले सम्मानित व्यक्तित्व कार्कीलाई नगदसहित मायाको चिनो प्रदान गरिन् । समूहका अध्यक्ष योगराज भट्टराईले उद्घाटन सत्रको अध्यक्षता गर्दै वार्षिक प्रतिवेदन प्रस्तुत गरे । २०५२ सालमा साविक धाइजन गाविसको १,२,३,४,५ र ६ नम्बर वडालाई लक्षित गरेर संचालित सो सामुदायिक वनको कुल क्षेत्रफल २ सय १२ हेक्टर रहेको छ ।

२०७३ सालदेखि नयाँ वन नीति तथा कार्यक्रमअन्तर्गत १ सय ९९ हेक्टर बैज्ञानिक वन व्यवस्थापन र १३ हेक्टरमा सिमसार क्षेत्रफल विभाजन गरी संरक्षण गरिएकोमा सरकारको नयाँ नीति तथा कार्यक्रमअनुरुप दीगो वन व्यवस्थापनअन्तर्गत हाल संरक्षण गरिर्दै आएको अध्यक्ष भट्टराईले जानकारी दिए । १ हजार ३ सय ६५ घरधुरी वनका उपभोक्ता रहेका छन् । उनीहरुको हकमा उच्च,मध्यम, विपन्न र अति विपन्न वर्गलाई विभाजन गरी सोहीअनुरुपको सेवा र सुविधा दिँदै आएको अध्यक्ष भट्टराईले बताए । समूहले वार्षिक रुपमा १ करोड ७७ लाख ९१ हजार रुपैयाँको कारोवार गर्दै आएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नगर उपप्रमुख उप्रेतीले नगरभित्र रहेका सामुदायिक वनहरुले नगरक्षेत्रभित्र पर्यापर्यटनमा निकै ठुलो योगदान पुर् याएको चर्चा गरिन् । वन नीति (हुभर फर्मुला अहिलेको नयाँ काठ मापन विधि), वन डढेलो, चोरी निकासी तथा तस्करी, जलवायु परिवर्तनका असरहरु, वन्यजन्तुले क्षति पुर्‍याएका बालीनालीमा दिने राहतमा ढिलासुस्ती, सामुदायिक वनमा चुरेक्षेत्रबाट ढुङ्गा, गिटी बालुवाको दोहन नगरमा रहेका सामुदायिक वनको क्षेत्रमा देखिएका मुख्य चुनौती रहेकाले यी चुनौती समाधानमा स्थानीय सरकार सक्रियतापूर्वक लागिपर्ने उनले प्रतिबद्धता व्यक्त गरिन् ।
मेचीनगरभित्र कालिका सामुदायिक वनको कालिका सिमसार, बाँसबारी सामुदायिक वनको बाँसवारी सिमसार, मागुरमाडी सामुदायिक वनको मागुरमाडी सिमसार,खुट्टीडाँगी सामुदायिक वनको खुट्टीडाँगी सिमसार, हातेमालो सामुदायिक वनको निचाझोडा सिमसार, प्रगति सामुदायिक वनको कालीखोला सिमसारले पर्यापर्यटनमा निकै ठूलो भूमिका खेलेको उप्रमुखको भनाई थियो । सिमसारबाहेक पर्यापर्यटनमा थोप्लेबिरान सामुदायिक वन र तेलपानीको सामुदायिक वनले बृन्दावनको रुपमा समेत निकै चर्चा कमाएको बताइएको छ ।
सामुदायिक वन जिल्ला महासंघ झापाका अध्यक्ष बेदप्रकाश भण्डारीले सामुदायिक वनमा लगाइएको तेहेरो कर फिर्ता हुनुपर्ने, पान नम्बर सहजरुपमा प्राप्त गर्नुपर्ने, दिगो वन ब्यवस्थापनको कार्यक्रम अघि बढ्नुपर्ने , जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न अनुकूलनका योजनाहरु तयार गर्नुपर्ने, सामुदायिक वनहरु पर्यापर्यटन उद्यममा अगाडी बढ्नुपर्ने, वनक्षेत्रभित्र वन्यजन्तुका लागि खाद्य आहार, बास, केरारोपण र पिउने पानीको निम्ति पोखरीहरुको संरक्षण गर्नुपर्ने बताए । उनले वनक्षेत्रमा डीपीआर तयार गरेर सोलार फेन्सिङमार्फत जंगली हात्तीको क्षति रोकथामको निम्ति ७५ किलोमिटर डीपीआर भएकोमा मेचीनगरको बाँसबारी, मागुरमाडी बिट नम्बर १ र २, थोप्लेबिरान सामुदायिक वनक्षेत्रमा फेन्सिङ गरी गाउँक्षेत्रमा हात्ती प्रवेशका निम्ति रोक लगाउनुलाई निकै ठूलो उपलब्धिका रुपमा लिइएको बताउँदै मेचीनगरका धेरै सामुदायिक वन स्रोतविहीन भएकाले सञ्चालनमा समस्या आउने गरेको स्पष्ट पारे । सामुदायिक वन क्षेत्रको सबैभन्दा ठूलो चुनौती जंगली हात्ती आतंक रहेको उनले बताए । मेचीनगर महासंघमा १३ वटा सामुदायिक वनहरु आबद्ध र क्रियाशील रहेका छन् । नगरभित्र रहेका यी वनले कुल २ हजार ३२ दशमलव १७ प्रतिशत हेक्टर क्षेत्रफल ओगटेका छन् ।
कार्यक्रममा नेकपा एमाले ११ नम्बर वडाका पार्टी अध्यक्ष सागर ओली, सामुदायिक वन मेचीनगर महासंघका अध्यक्ष जानुका ओलीलगायतले बोलेका थिए । कार्यक्रमको उद्घाटन सत्रमा कालिका सामुदायिक वन उपभोक्ता समूहकी उपाध्यक्ष संगीता चौधरीले शब्दद्वारा स्वागत र सहसचिव खेमराज राईले सञ्चालन गरेका थिए ।

भद्रपुरका ६ पत्रकार र ४ खेलाडी पुरस्कृत

भद्रपुर(प्रस) । भद्रपुर नगरपालिकाले ६ जना पत्रकार र चार खेलाडीलाई नगदसहित पुरस्कृत गरेको छ । भद्रपुरले नगरसभाको १३ औं अधिवेशनको अवसरमा बुधबार भद्रपुरका अग्रज पत्रकार तथा साहित्यकार नकुल काजी र अग्रज पत्रकार गोविन्दचन्द्र छेत्रीलाई 'जीवनपर्यन्त योगदान पुरस्कार' प्रदान गरिएको छ ।

नगर क्षेत्रमा रहेर लामो समयदेखि पत्रकारिता गरिरहेका काजी र छेत्रीलाई दोसल्ला ओढाएर सम्मानपत्रसहित जनही नगद ३० हजारले पुरस्कृत गरिएको हो । त्यस्तै नौलो आवाज साप्ताहिकका सम्पादक दीपक अधिकारी र वरुण साप्ताहिकका कार्यकारी सम्पादक लेखनाथ परदेशीलाई 'नगर विकास पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । अधिकारी र परदेशीलाई सम्मानपत्रसहित जनही नगद १५ हजारले पुरस्कृत गरिएको हो । त्यस्तै पत्रकार रेवतीराज घिमिरे र वरुण साप्ताहिककी सम्पादक इसा प्रधानलाई 'प्रोत्साहन पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । घिमिरे र प्रधानलाई सम्मानपत्रसहित जनही नगद १० हजारले पुरस्कृत गरिएको हो ।

त्यसैगरी खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने कोशी प्रदेश क्रिकेट टिमका कप्तान अङ्कित सुवेदी, प्रसिद्ध भक्तराज लवट, मेनुका पौडेल र सोनीदेवी दासलाई पनि पुरस्कृत गरिएको छ । उनीहरूलाई सम्मानपत्रसहित जनही नगद २१ हजारको दरले पुरस्कृत गरिएको हो । पुरस्कृत हुने पत्रकार र खेलाडीहरूलाई नगरपालिकाका प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौलाले दोसल्ला ओढाएर सम्मानपत्रसहित चेक प्रदान गरेका थिए ।

प्रेस क्लब भद्रपुरको सहजीकरणमा नगरपालिकाले आर्थिक वर्ष २०७९-८० र २०८०-८१ गरी दुई वर्षको पुरस्कार एकै पटक वितरण गरेको जनाइएको छ । नगरपालिकाले 'जीवनपर्यन्त योगदान पुरस्कार' थप गरेको हो । यसअघि नगरपालिकाले नगर विकास र प्रोत्साहन पत्रकारिता पुरस्कार मात्रै बाँड्दै आएको थियो । नगर प्रमुख पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा सम्मानित अग्रज पत्रकार काजी, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शिक्षा शाखाका कर्मचारी योगेन्द्र पौडेलले गरेका थिए ।

सिम्रिक साकोसद्वारा विद्यालय पोशाक वितरण

बिर्तामोड(प्रस)। झापाको बिर्तामोड ४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.ले अर्जुनधारा नगरपालिकामा रहेको एक सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण गरेको छ ।
बुधवार एक कार्यक्रमका बीच सिम्रिकले अर्जुनधारा-४ मा रहेको लक्ष्मी आधारभूत विद्यालयका ३२ जना विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण गरेको हो । सामाजिक उत्तरदायित्वअन्तर्गत सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि संस्थाले सहयोग गरेको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले जानकारी दिए । संस्थाका अध्यक्ष सुवास भट्टराई, विभागीय प्रमुख दुर्गाप्रसाद रिजाल, प्रेम बस्नेत (विजय), आई.टी अधिकृत विजय पाण्डेले संयुक्त रुपमा विद्यार्थीहरुलाई पोशाक वितरण गरेका हुन् । संस्थाका अध्यक्ष भट्टराईले पोशाक हस्तान्तरण गर्दै सामुदायिक विद्यालयको खस्कदो शैक्षिक गुणस्तरलाई बृद्धि गर्न संस्था सदैव लागिपर्दै आएको बताउँदै संस्थाले चालु आर्थिक वर्षमा मात्र ५०० भन्दा बढी विद्यार्थीहरुलाई विद्यालय पोशाक, शैक्षिक सामग्री तथा स्कूल ब्याग वितरण गरिसकेको जानकारी दिए । साथै उनले शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा संस्थाले प्रमुख प्राथमिकतामा राखी कार्य गर्दै आएको बताए । संस्थाका अध्यक्ष भट्टराईको प्रमुख आतिथ्यता तथा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष गोविन्दकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत विद्यालयका प्रधानाध्यापक तुलसीप्रसाद पौडेलले गरेका थिए । कार्यक्रमको संचालन संस्थाका विभागीय प्रमुख प्रेम बस्नेतले गरेका थिए ।

हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदावी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

क्र.सं.	बीमालेख नं.	बीमितको नाम	ठेगाना
१.	PLI1230001445	शिलु उदास	बिर्तामोड-४ ,झापा

चारजना...

कार्यक्रमको औचित्यमाथि अध्यक्ष पवित्रा विमली प्रसाईले प्रकाश पारेकी थिइन् । यस वर्षको ८ मार्च वा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा शुक्रबार 'समान सहभागिता र सशक्तिकरणका लागि महिलामा लगानी' भन्ने मुख्य नारासहित विविध कार्यक्रम गरी विश्वभर मनाईन्छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि कोशी प्रदेश सभा सदस्य बजगाई, विशिष्ट अतिथि मेचीनगर नगरपालिका उपप्रमुख उप्रेतीले ८ मार्च वा ११४ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसमा क्लारा जेटकिनलाई स्मरण नगर्ने हो भने दिवस सार्थक नहुने बताए ।
क्लारा जेटकिनले सन् १९१० मा अन्तर्राष्ट्रिय महिला दिवसको सुरूवात गरेकी थिइन् ।सन् १९०८ मा १५ हजार महिलाहरूले न्यूयोर्क शहरमा काम गर्ने घण्टा कम गर्न, तलब बढाउन र मतदानको अधिकारको माग गर्दै विरोध प्रदर्शन गरेका थिए । एक वर्षपछि अमेरिकन समाजवादी पार्टीले पहिलो पटक राष्ट्रिय महिला दिवस मनाउन थाल्यो ।
तर यस दिनलाई अन्तर्राष्ट्रिय बनाउने कुरा क्लारा जेटकिनले आफ्नो विचार १९१० मा कोपेनहेगनमा कार्यरत महिलाको अन्तर्राष्ट्रिय सम्मेलनमा दिएको बताईएको छ । सन् १९१० मा महिलाहरूलाई मत हाल्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यले यसलाई अन्तर्राष्ट्रिय मान्यता प्रदान गरिएको थियो ।सम्मेलनमा १७ देशका १०० महिला प्रतिनिधिहरू उपस्थित थिए सबैले क्लाराको सल्लाहलाई स्वागत गरे । यसपछि अन्तर्राष्ट्रिय महिला दिवस पहिलो पटक १९११ मा अष्ट्रिया, डेनमार्क, जर्मनी, स्विजरल्याण्डमा मनाइएको थियो । यसको शताब्दी कार्यक्रम २०११ मा मनाइएको थियो ।
कार्यक्रममा नेकपा एमालेकी महिला नेतृ रेनुका डाँगी, आयोजक संस्थाकी संस्थापक सल्लाहकार लक्ष्मी राईलगायतले बोलेका थिए भने आयोजक संस्थाकी महासचिव रेजिना श्रेष्ठले सञ्चालन गरेकी थिइन् । मेचीनगर लेडी जेसिज सन् २०२४ की उपाध्यक्ष शर्मिला तिम्सिनाले आस्था वाचन गरेको कार्यक्रममा सहभागी सवैलाई कार्यकारिणी उपाध्यक्ष सकुन्तला ढकाल खतिवडाले स्वागत गरेकी थिइन् ।

वक्तृत्वकला...

यमुना आचार्य, कार्यपालिका सदस्य निर्मलादेवी सुनारलगायतले माला लगाइदिएर प्रमाणपत्र प्रदान गरे । प्रतियोगिताको निर्णायकमा मिलनकुमार ढुंगाना र विद्या रेग्मी रहेका थिए । कार्यक्रममा बोल्दै नगर प्रमुख प्रसाईले हकअधिकारका विषय कार्यान्वयन नहुँदा महिलाहरु पीडित बनेको बताइन् । पाएको अधिकार कार्यान्वयनका लागि सबैको हातेमालो हुनु पर्नेमा उनको जोड थियो । सामाजिक तथा राजनीतिक क्षेत्रमा महिलाहरु अग्रसर भएर निर्णय गर्न सक्ने ठाउँमा पुग्नु पर्ने भन्दै नगर प्रमुख प्रसाईले अर्थोपार्जनका लागि उत्पादनमा पनि ध्यान दिनु पर्ने बताइन् । नगर प्रमुख प्रसाईले नगरपालिकाले गरेका गतिविधिका बारेमा नकारात्मक टिप्पणीभन्दा पनि सकारात्मक ढंगले सुझाव दिन सबैलाई आग्रह गरिन् ।कार्यक्रममा दिपा भण्डारीले नारी संकल्प शिर्षकको कविता प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलचन भण्डारी, बिर्तामोड नगरपालिकाकी कानूनी सल्लाहकार कमला आचार्य, महिला मुक्ति अभियान अध्यक्ष राधा सुव्वा, वीरता लेडी जेसीसकी अध्यक्ष मेनुका ओली, एबीसी नेपालकी अध्यक्ष कन्चना सिटौला, सी लिड्सकी सम्झना पोखेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

क्षयरोगका...

नं. १० मा १३ जना र वडा नं. ४ मा १२ जना क्षयरोगी फेला परेका छन । त्यस्तै वडा नं. १ मा ५ जना, वडा नं. २ मा ४ जना, वडा नं. ३ मा ३ जना, वडा नं. ५ मा ३ जना, वडा नं. ७ मा ६ जना, वडा नं. ८ मा ५ जना क्षयरोगी भेटिएका छन भने वडा नं. ९ मा ९ जना, वडा नं. ११ मा ६ जना, वडा नं. १२ मा ५ जना, वडा नं. १३ मा २ जना र वडा नं. १४ मा २ जना क्षयरोगीलाई नगरको स्वास्थ्य शाखाको टिमले फेला पारेको फोकल पर्सन भट्टराईले जानकारी दिइन् ।
अहिले नगरको स्वास्थ्य शाखाको प्राविधिकहरुले क्षयरोगी खोजी गरिरहेकाले रोगीको संख्या बढ्ने क्रममा रहेको र भेटिएका रोगीको उपचार समेत गर्ने काम तत्कालै सुरु भइरहेको नगर स्वास्थ्य शाखा प्रमुख सापकोटाले बताइन् । उनका अनुसार क्षयरोगका बिरामीको परीक्षणदेखि उपचारसम्म सरकारले निःशुल्क गर्ने व्यवस्था रहेको छ ।
मेचीनगरका क्षयरोगीहरुका लागि छातीको एक्सरे समेत नगरपालिकाले निःशुल्क गर्ने व्यवस्था मिलाएको सापकोटाले बताइन् ।
मेचीनगर नगरपालिकालाई क्षयरोगमुक्त नगरपालिका बनाउने अभियान थालिएको छ । क्षयरोगमुक्त पालिका बनाउन प्रतिवर्ष प्रति १० लाखमा १ भन्दा कम बिरामीको संख्या भएमा अन्त्य भएको मानिने छ । क्षयरोग निवारणका लागि स्थानीय पालिकामा नगर प्रमुखको संयोजकत्वमा नगर उपप्रमुख, वडाध्यक्ष, शिक्षक, स्वास्थ्य संस्थाका कर्मचारीलगायतको टोली र वडास्तरमा समेत समिति गठन गरी काम थालिएको छ ।कार्यक्रमअन्तर्गत पालिकाले क्षयरोगका बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा दिने, घोषणा गर्ने, घरधुरी सर्वेक्षण गर्ने, शंका लागेकाको परीक्षण गर्ने, वडास्तरमा सुक्ष्म योजना बनाएर गाउँमा स्वास्थ्यकर्मी परिचालन, नगर र वडास्तरमा समिति गठनलगायतका कार्य थालेको छ ।

कांग्रेसका...

जुटिनसकेकाले उनले अहिले उपसभापति अर्याललाई मात्र सरकारमा पठाएका छन् । उपप्रधानसहित गृहमा एमालेको दाबी छ । एमालेको नेतृत्व कसले गर्ने भन्ने टुंगो लाग्न सकेको छैन ।
त्यस्तै माओवादीले अर्थ लिने अनौपचारिक समझदारी बनेको र त्यसमा वर्षमान पुन मन्त्री हुने सम्भावना धेरै छ ।
गृह मन्त्रालयको विषय टुंगो लागेपछि अन्य मन्त्रालयको भागबन्डा टुंगिने नेताहरूको बुझाइ छ ।
यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीको नयाँ गठबन्धनमा सहभागी हुन आग्रहलाई एकीकृत समाजवादीले सकारात्मक रुपमा लिएको जनाएको छ । बैठकपछि नेकपा एसका महासचिव घनश्याम भुसालले ओली र दाहालको सहकार्यको प्रस्तावलाई सकारात्मक रुपमा लिएको जानकारी दिए । 'हामीले नयाँ गठबन्धनको सहकार्यको स्पिरिडलाई मोटो रुपमा सकारात्मक रुपमा लिएका छौ,' उनको भनाइ थियो, 'यसबारे हामी बुधबार सचिवालय बैठकले निर्णय लिनेछौं ।' उनले मुलुकलाई स्थायित्वतिर लैजान सहकार्य जरुरी भए पनि त्यसको आधार तयार गर्नु महत्वपूर्ण कुरा भएको बताए ।
नेपालसँग संवादपछि बाहिरिने क्रममा ओलीले छलफल सकारात्मक भएको संकेत गरे ।ओली र दाहालसहित नेताहरु सहकार्यको प्रस्ताव लिएर एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल निवास बालकुमारी गएका थिए ।
बालुवाटारमा जारी बैठक स्थगित गरी बालकुमारी वार्ता गर्न पुगेका थिए । एकीकृत समाजवादीले नयाँ गठबन्धनप्रति गुण र दोषका आधारमा निर्णय लिने निष्कर्ष निकालिसकेको छ । प्रधानमन्त्री दाहालले नयाँ समीकरण बनाउनुअघि एकीकृत समाजवादीसँग छलफल गरेका थिएनन् । सोमबार बेलुका दाहाल र माओवादी वरिष्ठ नेता माधवकुमार नेपाललाई भेट्न बालकुमारी पुगेका थिए ।

अनारमनी पव्लिक क्याम्पस

वितामोड-३, वितबिजार झापा

मिति : २०८०/११/२१

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं.-३, वितबिजारस्थित यस अनारमनी पव्लिक क्याम्पसको नवनिर्मित क्यान्टिन सञ्चालनको लागि न्यूनतम अंक नघटाई प्रत्येक दुई/दुई वर्षमा दररेट परिवर्तन सहित नविकरण गर्ने गरी तोकिएका शर्तमा भाडामा लिन चाहने इच्छुक व्यक्ति, फर्म वा संस्थाले रितपूर्वक निम्न ठेगानाको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

दरभाउपत्र सम्बन्धी विवरण

१) इच्छुक योग्यता पुगेका दरभाउपत्रहरुले सूचना प्रकाशन भएको मितिले ७ दिनसम्ममा कार्यालय समयभित्र फिर्ता नहुने गरी यस क्याम्पसको विराट बहुउद्देश्यीय सहकारी संस्था लि. रहेको हिन च.खाता नं. 01021357001055 मा रु.५००।- (अक्षरेपी रु. पाँच सय) जम्मा गरी वा नगद बुझाई नगदी रसिदका साथ दरभाउपत्र यस क्याम्पसबाट लिन सकिनेछ ।

२) आफूले चाहेको कबोलको अंक स्पष्ट लेखि सही छाप गरी तोकिएको कार्यालय समयभित्र पेश गर्नुपर्ने छ । साथै आठौं दिनको १२ बजेभित्र दरभाउपत्र खोलिने छ ।

३) सम्झौता रकम प्रत्येक वर्ष १० प्रतिशतका दरले बृद्धि हुनेछ । साथै विशेष परिस्थितिमा क्याम्पस व्यवस्थापन समितिको निर्णय अन्तिम हुनेछ ।

४) कोठाको भाडा बोलपत्रमा उल्लेख भएर आएको न्यूनतम रकम रु.२,५००।- (अक्षरेपी रु.दुई हजार पाँच सय) प्रतिमहिना भन्दा जुन बढी अंकमा प्राप्त हुन्छ सोही मान्य हुनेछ ।

५) भाडा भुक्तानी गर्दा पछिल्लो महिनाको ५(पाँच) गने भित्रमा अघिल्लो प्रतिमहिनाको दरले आउने रकम भुक्तानी गर्नुपर्नेछ ।

६) पानी, बिजुली, आवश्यक फर्निचर लगायतका सामानहरुको व्यवस्थापन स्वयम् भाडावालाले व्यवस्थापन गर्नुपर्ने छ ।

७) कुनै विषयमा दुविधा उत्पन्न भएमा क्याम्पस प्रमुख र भाडावालाबीच आपसी समझदारीमा छलफल गरी समाधान गरिनेछ ।

८) छनौट प्रक्रिया लगायतका विविध विषयहरुमा क्याम्पस व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

मोहन शिवाकोटी
क्याम्पस प्रमुख

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

धर्मरोमा प्रदेश सरकार

नेपाली सन्दर्भमा सरकारले बेला न कुबेला कोल्टे फेरिरहनु सामान्य मानिन्छ । आमजनतालाई यस्ता घटनाले खासै फरक पारेको देखिन्न। तैपनि सरकार न हो, यता उता सर्नुको असर धेरथोर हुन्छ। संघीय सरकारमा हुने परिवर्तनका बाछिटाले मुलुकभरका सरकारलाई अस्थिर बनाउने गरेको देखिन्छ। संघीयताको असल अभ्यास र परम्परा भएका मुलुकमा संघीय सरकारको परिवर्तनले प्रदेशमा खासै प्रभाव पार्दैन । बरु मुलुकमा अहिले भइरहेको संघीयताको अभ्यासमा स्थानीय सरकार मात्र अविच्छिन्नरूपमा चलिरहेका छन्। संघमा सरकारका साझेदार फेरबदलसँगै प्रदेशमा नेतृत्व गर्ने दलहरूबीच पनि उकुसमुकुसको अवस्था सहजै अनुमान गर्न सकिन्छ। विगतका यस्ता घटनाले प्रदेश सरकार हल्लाएको सबैको स्मृतिमा छ। अहिले पनि कर्णालीमा कांग्रेस मन्त्रीले राजीनामा गरिसकेका छन्। गण्डकी र सुदूर पश्चिम सरकारका माओवादी केन्द्रका मन्त्री बर्खास्तमा परिसकेका छन्। मुलुकको सत्ता गठबन्धन फेरिएको छ। प्रधानमन्त्रीमा नेकपा (माओवादी केन्द्र) अध्यक्ष पुष्पकमल दाहालकै निरन्तरता भए पनि यो सरकारका साझेदार फेरिएका छन्। नेकपा एमाले , माओवादी केन्द्र , राष्ट्रिय स्वतन्त्र पार्टी , एकीकृत समाजवादी पार्टी र जनता समाजवादी पार्टी सरकारमा सामेल हुँदा सबैभन्दा ठूलो दल नेपाली कांग्रेस सरकारबाट बाहिरिएको छ। कांग्रेसको ठाउँमा प्रमुख प्रतिपक्ष रूपमा रहेको नेकपा (एमाले)ले लिएको छ।

मुलुक संघीय संरचनाअनुसार अघि बढिरहेको छ। संविधानले नै संघ, प्रदेश र स्थानीय सरकारको सीमारेखा कोरिदिएको छ। यस अर्थमा चाहे जति सबैमा नभए पनि धेरै कुरामा यी सरकारहरू अधिकार सम्पन्न छन्। कतिपय कुरामा माथिल्ला सरकारको निगाह नचाहिने अवस्था पनि छ। तर पनि संघीयता लागु भएदेखि नै विशेषगरी प्रदेश सरकारले आफ्नो अधिकार बहन गरेर अघि बढ्न सकेको देखिएको छैन। प्रमुख दलका नेताहरूले प्रदेश सरकारलाई आफैं चल्ने वातावरण बनाएका छैनन्। कुनै न कुनै रूपमा प्रदेशलाई संघको छाँयामा राखेको अनुभव भइरहेको छ।

यतिबेला संघमा सरकार परिवर्तन भएको छ। यसको मतलव यो होइन कि सबै प्रदेशमा पनि यो रोग पल्कनै पर्छ। सरकारहरू जति अस्थिर भए त्यति नै विकास निर्माणदेखि सुशासनसम्म कमजोर हुन्छ। यस्तो अवस्थामा न उसले जनतालाई सेवा दिन सक्छ न भौतिक पूर्वाधारलगायत अत्यावश्यकीय कामकाज गर्न नै। यस्तो अवस्थाबाट मुक्ति पाउन अर्थात् संघकै जस्तो बेहाल हुनबाट प्रदेशहरूले आफूलाई बचाउन सक्नु पर्ने हो। विडम्बना, अहिलेसम्मको अभ्यासले यस्तो अनुभूति भएको छैन। संघमा जसको सरकार हुन्छ सबै प्रदेशमा उसैको सरकार हुनुपर्ने मान्यता संघीय प्रणालीले स्वीकार्दैन। प्रदेश र संघमा फरक फरक सरकार हुनु त झन् संघीय प्रणालीको सुन्दरता हो। यही वास्तविकता नबुझ्दा संघमा जति किचलो हुन्छ, त्यो सबैको प्रभाव प्रदेशसम्म पुग्ने गरेको हो। कतिपय कुरा प्रदेशले संघलाई सिकाउनुपर्ने हुन्छ।

लगानीमैत्री वातावरणका कडी

• रत्न प्रजापति

नेपालको अर्थतन्त्रको आकार ४६ खर्ब ९६ अर्ब रुपियाँको छ । अर्थतन्त्रको यो आकारले ठुलो लगानी गरी मुलुकलाई समृद्धिको मार्गमा डोऱ्याउन सम्भव छैन । त्यसैले आर्थिक स्रोत जुटाउनु पर्ने बाध्यता हामीलाई छ । लगानी सम्मेलन पनि यसको एउटा आधार हो । नेपालमा लगानीका प्रशस्त सम्भावना र अवसर छन् भन्ने जानकारी अन्तर्राष्ट्रिय क्षेत्रमा दिन लगानी सम्मेलन गरिँदै आएको छ ।

नेपालमा प्रजातन्त्र पुनर्स्थापनासँगै २०४८ सालमा पहिलो पटक लगानी सम्मेलन आयोजना गरिएको थियो । यसपछि नै विदेशी लगानी प्रवर्धनलाई सघाउन पहिलो पटक विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ जारी गरिएको थियो । नेपालको संविधान जारी भएपछि २०७३ साल फागुन १९ र २० गते र २०७५ साल चैत १५ र १६ गते गरी दुई पटक लगानी सम्मेलन भइसकेका छन् तर नेपालमा अझै लगानीमैत्री वातावरण बन्न नसकेको, लगानीका लागि लगानीकर्ता विश्वस्त बन्न नसकेको, नेपालले लगानी सुरक्षा र प्रतिफलको सुनिश्चितताको प्रत्याभूति दिन नसकेको, नेपालका धेरै ऐन कानुन र कर्मचारीतन्त्र लगानी प्रवर्धनमा बाधकको रूपमा रहेको आदि कारणले लगानी सम्मेलनमा व्यक्त प्रतिबद्धता अनुरूप विदेशी लगानी भित्रिन भने सकेको छैन । २०८१ साल वैशाख १६ र १७ गते लगानी सम्मेलन हुन लागेको छ । नेपाल लगानीको उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश विश्व समुदायमा पुऱ्याउने प्रमुख ध्येयले यो सम्मेलन गर्न लागिएको बताइएको छ ।

पछिल्लो समय विश्व बैङ्कले प्रकाशित गर्ने डुइङ बिजिनेस प्रतिवेदनको आधारमा मुलुकको व्यावसायिक वातावरणको मूल्याङ्कन गर्ने पद्धतिको विकास भएको छ । डुइङ बिजिनेस २०२३ अनुसार १९० मुलुकमध्ये नेपाल ९४ औँ स्थानमा रहेको छ । प्रतिवेदन अनुसार लगानी प्रवर्धनको दृष्टिकोणले अघिल्ला वर्षभन्दा केही उत्साहजनक वातावरण रहेको छ । वास्तवमै नेपाल लगानीका लागि प्रशस्त अवसर भएको देश हो । यहाँ कृषि, ऊर्जा, पर्यटन, यातायात, उद्योग, सूचना तथा सञ्चार प्रविधि, स्वास्थ्य, खानी र खनिज, शिक्षा, बैङ्क तथा वित्त आदि क्षेत्रमा लगानीको प्रशस्त अवसर रहेका छन् तर लगानी वातावरण भने विगतदेखि नै उचित हुन सकेको छैन । कहिले राजनीतिक अस्थिरता, कहिले असुरक्षा र कहिले कानुनी तथा नीतिगत अस्थिरता र अड्चनहरूले नेपालमा लगानी प्रवर्धन हुन सकेको छैन ।

नेपालमा प्रतिबद्धता अनुरूप लगानी भित्रिन सकेको छैन । हरेक वर्ष अपेक्षित लगानी प्रतिबद्धता आए पनि सो अनुरूपको लगानी नभित्रिएको तथ्याङ्कबाट देखिएको छ । उद्योग विभागको तथ्याङ्क अनुसार नेपालमा विगत पाँच वर्षमा एक हजार ३७४ परियोजनाका लागि कुल एक खर्ब ७९ अर्ब ७३ करोड ३६ लाख रुपियाँ बराबरको लगानी प्रतिबद्धता आएको देखिन्छ तर वास्तविक लगानी कम मात्र आएको आएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कबाट देखिन्छ । नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार विगत पाँच वर्षमा कुल ८३ अर्ब २२ करोड २४ लाख रुपियाँ बराबरको वास्तविक विदेशी लगानी भित्रिएको छ । उक्त अवधिमा वार्षिक औसत १६ अर्ब ६४ करोड ४५ लाख रुपियाँ बराबरको वैदेशिक प्रत्यक्ष लगानी भित्रिएको देखिन्छ । यसरी तुलनात्मक रूपमा हेर्दा लगानी प्रतिबद्धताको आधाभन्दा पनि कम अर्थात् ४६.३० प्रतिशत मात्रै वास्तविक लगानी भित्रिएको देखिन्छ ।

संयुक्त राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन (अङ्कटाड) का अनुसार नेपालमा विगत पाँच वर्षमा ६३ करोड ९० लाख अमेरिकी डलर बराबरको विदेशी प्रत्यक्ष लगानी प्रवाह भएको देखिन्छ । अङ्कटाडका अनुसार नेपालमा विगत पाँच वर्ष अर्थात् सन् २०१८ देखि २०२२ सम्ममा क्रमशः ६ करोड ७० लाख, १८ करोड ५० लाख, १२ करोड ६० लाख, १९ करोड ६० लाख र ६ करोड ५० लाख अमेरिकी डलर बराबरको वैदेशिक प्रत्यक्ष लगानी प्रवाह भएको देखिन्छ । पछिल्लो वर्ष नेपालमा भएको वैदेशिक प्रत्यक्ष लगानी प्रवाह अनुसार विश्वको कुल वैदेशिक प्रत्यक्ष लगानी प्रवाह १२ खर्ब ९४ अर्ब ७३ करोड ८० लाख अमेरिकी डलरमध्ये नेपालमा ०.०१ प्रतिशत मात्रै प्रवाह भएको देखिन्छ । दक्षिण एसियामा प्रवाह भएको कुल ५७ अर्ब ३७ करोड अमेरिकी डलर बराबरको वैदेशिक प्रत्यक्ष लगानीमध्ये भारतले सबैभन्दा बढी अर्थात् ३.८१ प्रतिशत भित्र्याउन सफल भएको छ भने भुटानले सबैभन्दा कम अर्थात् ०.००१ प्रतिशत मात्रै भित्र्याउन सकेको छ ।

लगानी प्रवर्धनको मूल सर्त नै लगानीमैत्री वातावरण हो । यसका लागि राजनीतिक स्थिरता, नीतिगत स्थायित्व, सरल र सहज ऐन कानुन, सहयोगी कर्मचारीतन्त्रको आवश्यकता हुन्छ । लगानीकर्ताको माग पनि यिनै हुन् । सरकार फेरिएसँगै फेरिने नीतिहरूले गर्दा लगानीकर्ताले अनेकौं व्यवधान बेहोर्नु परिरहेको छ । लगानी गर्नु भनेको जोखिम मोल्नु हो । त्यसैले हरेक लगानीकर्ताले आफ्नो लगानीको सुरक्षा र प्रतिफल खोज्छन् । अतः विदेशी लगानी आकर्षित गर्ने मुख्य तत्व लगानीको उच्च प्रतिफल नै हो । जहाँ लगानी गर्दा उच्च प्रतिफल प्राप्त हुन्छ, त्यहीँ लगानीकर्ता आकर्षित हुन्छन् । यद्यपि पछिल्लो समय समष्टिगत आर्थिक वातावरण, विदेशी मुद्रा विनिमय, पुँजीको उपलब्धता, जोखिम बहन गर्न सक्ने क्षमता, लागत, नियमनको वातावरण आदि पनि लगानी आकर्षणको प्राथमिकतामा पर्ने गरेका छन् ।

बजारको स्थितिलाई हेरेर पनि लगानी आकर्षित हुन्छ । यो सन्दर्भमा नेपाल लगानीका लागि निकै सम्भावनायुक्त मुलुक हो । किनभने विशाल अर्थतन्त्र भएका दुई छिमेकी मुलुक चीन र भारतको बिचमा नेपाल रहेको छ । यहाँ लगानी गर्दा बजारको समस्या पर्दैन । यसरी नेपालमा लगानीका प्रशस्त सम्भावना भएको र लगानीको वातावरणसमेत बनिसकेको अवस्थामा आसन्न लगानी सम्मेलनले लगानी प्रवर्धनमा ठोस टेवा पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा लगानीको अवसर प्रशस्त भएको र बजारको पनि समस्या नभएको भन्दै लगानीकर्ता उत्साहित भए पनि यहाँको नीतिगत र कानुनी व्यवस्थाले नै लगानीकर्तालाई निरुत्साहित पार्दै आएको सत्य हो । निकै उत्साहका साथ नेपालमा लगानीका लागि तयार भए पनि परियोजना सञ्चालनका क्रममा नीतिगत र कानुनी प्रक्रियामा गइसकेपछि लगानीकर्ताले बेहोर्नु पर्ने झन्झट र दुःखले आजित भएर लगानीकर्ताले आफ्नो मनस्थिति नै बदल्नुपर्ने अवस्था छ । एकातिर नीतिगत र कानुनी अड्चन, अर्कोतिर असहयोगी कर्मचारीतन्त्रले गर्दा लगानीकर्तालाई नेपालमा लगानी गर्नुअघि पटक-पटक सोच्न बाध्य पार्ने गरेको छ । केही विदेशी लगानीकर्ताले लगानी नै फिर्ता लैजाने गरेको पनि हाम्रो विगत छ ।

नीतिगत र कानुनी अड्चनहरूले गर्दा नेपालमा लगानी प्रवर्धन हुन नसकेको यथार्थलाई मनन गरी सरकारले विद्यमान केही ऐन र विनियमावलीमा संशोधन गर्ने प्रस्ताव गरेको छ, जस अनुसार १० वटा ऐन र दुई वटा विनियमावलीमा संशोधन गर्ने प्रस्ताव गरिएको छ । औद्योगिक व्यवसाय ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, विशेष आर्थिक क्षेत्र ऐन २०७३, वन ऐन, २०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, भूमिसम्बन्धी ऐन, २०२१, जग्गा प्राप्ति ऐन, २०३४, वातावरण संरक्षण ऐन, २०७६, विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली २०७७ तथा वन नियमावली २०७९ का विभिन्न प्रावधानमा संशोधन गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

लगानीमैत्री वातावरण निर्माणमा सघाउ पुग्ने गरी विद्यमान ऐन र विनियमावलीमा संशोधन हुन सके लगानी प्रवर्धनमा टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ । साथै स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्रले लगानी प्रवर्धनमा सहयोगी भूमिका निर्वाह गरे लगानी सम्मेलनमा व्यक्त प्रतिबद्धता अनुसारकै लगानी भित्रिनेमा विश्वस्त हुन सकिन्छ ।

स्वार्थको द्वन्द्व पनि भ्रष्टाचार

• श्याम मैनाली

समाजले स्वार्थको द्वन्द्व हुने गरी काम गर्नुलाई अपराधको रूपमा नलिएको अवस्थासमेत विकासोन्मुख देशहरूमा देखिएको छ तर यो पनि भ्रष्टाचार नै हो । अधिकार प्राप्त अधिकारीले आफ्नो स्वार्थ अनुकूल हुने गरी वा आफू संलग्न संस्थाको निर्णय दिई सार्वजनिक हानिनोक्सानी पुऱ्याउँछ । यसरी व्यक्तिगत र समूहगत फाइदा लिने कार्यलाई स्वार्थ बाझिएको विषयसँग दाँजेर हेर्ने गरिएको छ । स्वार्थको द्वन्द्व सबै प्रकारका शासकीय संरचनामा देखिने गरेको छ । स्थानीयदेखि अन्तर्राष्ट्रिय क्षेत्रसम्म र सार्वजनिक निकाय, सार्वजनिक संस्थालगायत सबै प्रकारका वित्तीय क्षेत्रमा यो गलत अभ्यास सघन रूपमा छ । यसले सबै प्रकारका व्यवस्थापकीय र नीतिगत निर्णयहरू प्रभावित हुने र सार्वजनिक निकायका साथै बजार व्यवस्था अस्तव्यस्त बन्छ । अविश्वसनीयताको दुष्चक्रमा समाज र राज्य समाहित हुन्छ ।

अन्तर्राष्ट्रिय उदाहरण

पाकिस्तानका पूर्वप्रधानमन्त्रीले पदमा रहँदा ठुलो मूल्यको उपहार प्राप्त गरी त्यस उपहारलाई बिक्री गरी आफ्नै बनाए । यही अभियोगमा निजमाथि अदालतमा मुद्दा चली राखेको छ । भारतमा व्यवसायीले बैङ्क तथा वित्तीय संस्था खोल्न नपाउने कानुनी व्यवस्था छ । विकसित देशमा स्वार्थको द्वन्द्वलाई नियन्त्रण गर्न कानुनी व्यवस्था मात्र होइन, स्थायी नियमनकारी निकायको नै व्यवस्था गरिएको छ ।

यस गलत प्रवृत्तिलाई नियन्त्रण गर्ने अभिप्रायले सबैभन्दा पहिले अमेरिकामा सन् २००६ मा इमानदार नेतृत्व र खुला सरकारसम्बन्धी ऐन जारी गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइयो । सन् २००६ मै क्यानडाले स्वार्थको संघर्षसम्बन्धी आधुनिक ऐन जारी गऱ्यो । युरोपेली संघमा सन् २००७ देखि यसको नियन्त्रणमा कानुनी व्यवस्था गर्न थालियो । सार्वजनिक जीवनका लागि सात सिद्धान्तको संज्ञा दिइएको आचारसंहिता बेलायतमा कार्यान्वयनमा छ ।

कोभिड सङ्क्रमणको समयमा खोपबारे सुझाव दिन गठित कार्यदलका १२ सदस्यले स्वार्थ बाझिने गरी कार्य गर्न असमर्थ रहेको जानकारी गराएको सन्दर्भ क्यानडामा छ ।

जापान सरकारले तत्कालीन अमेरिकी विदेशमन्त्री पोम्पेओलाई पाँच हजार आठ सय मूल्य पर्ने ह्विस्की उपहार दिएको थियो तर सो बोतल हरायो । उक्त सन्दर्भले सञ्चार माध्यममा ठुलो स्थान पायो ।

स्वार्थको द्वन्द्व अन्त्य गर्ने विषयलाई संयुक्त राष्ट्रसंघले साझा समझदारीको विषय बनाएको छ । संयुक्त राष्ट्रसंघका सबै सदस्य राष्ट्रले यसलाई नियन्त्रण गर्ने विषयमा एकै स्थानमा उभिएर प्रतिबद्धता व्यक्त गरेका छन् । यस अर्थमा यसलाई नियन्त्रण गर्ने सन्दर्भ अन्तर्राष्ट्रिय दायित्व बनेको छ ।

यस महासन्धिले सार्वजनिक क्षेत्रमा मात्र सीमित नगरी निजी क्षेत्रमा समेत स्वार्थको द्वन्द्व हुन नहुने प्रतिबद्धता व्यक्त गरेको छ । विशेष गरी अमेरिकामा सार्वजनिक जिम्मेवारीमा रहेका पदाधिकारीले सितैमा कसैले डिनर, लन्च दिएमा स्वीकार गर्न नहुने व्यवस्था छ । कुनै प्रकारको उपहार ग्रहण गर्न नपाइने, अन्य व्यक्ति वा संस्थाले आयोजना र प्रायोजन गरेको खण्डमा त्यस्तो भ्रमण गर्न नहुने कानुन छ । स्वार्थको संघर्ष स्पष्ट हुने गरी कुनै पनि कम्पनी वा संस्थाको सेयर खरिद गर्न नहुने कडा व्यवस्था लागु छ । यस्तो सुविधा लिँदा पूरा गर्नुपर्ने कानुनी प्रक्रिया र यस प्रकारको व्यवस्थाको उल्लंघन गरिँदा हुने कारबाही पनि कानुनमा छ । भावनात्मक रूपमा कसैसँग नजिक भएर निर्णय लिन कानुनले निषेध गरेको छ ।

नेपालको सन्दर्भ

नेपाली समाजले अवलम्बन गरिआएको संस्कृति नै स्वार्थको द्वन्द्वलाई प्रश्रय दिने गरी विकास भइराखेको छ । नेपाली समाज शक्तिमा रहँदा आफ्नालाई संरक्षण गर्नु पर्छ भन्ने गलत मान्यतामा अभ्यस्त छ । सार्वजनिक ओहोदामा रहँदा स्रोतसाधन सङ्कलन नगर्ने र नातावाद, कृपावादमा नलाग्नेलाई समाजले तिरस्कृत गर्छ । हरेक नागरिकले आफैँलाई स्वनियमन, स्वशासन र उपयुक्त प्रकारले व्यवस्थापन गर्न सक्नु पर्छ । यसबाट मात्र सुसभ्य, सुसंस्कृत र सच्चरित्र समाजको निर्माण सम्भव हुन्छ । यस प्रकारको समाजको विकास हुँदा सचेत नागरिकले सार्वजनिक पदाधिकारीलाई गलत कार्यमा अभिमुख नहुन खबरदारी गर्न सक्छन् । समाज परिष्कृत हुन्छ । स्वार्थको संघर्षको अवस्थामा उल्लेखनीय सुधार ल्याउन सकिन्छ ।

स्वार्थको संघर्षको अवस्थाबारे समाजका सचेत वर्गले अभिरुचि राखेको पाइँदैन । यस प्रकारको परिस्कृत समाज निर्माण र विकास हुँदा सबै विषयलाई कानुनकै रूपमा व्यवस्था गरी नियन्त्रण गर्न जरुरी हुँदैन । समाजका विधि, व्यवहार, ग्रहण गरेको सच्चरित्रता, नैतिकता र आचरणले नै गलत कार्यलाई सम्पादन हुन नदिने वातावरण स्वतः तयार पार्छ । व्यक्तिले आर्जन गरेको स्रोतसाधन, शक्ति र सम्पन्नताको आधारमा समाजभित्र व्यक्तिको मान, मर्यादा, सम्मान र सामाजिक प्रतिष्ठा मापन गर्ने गरिएको छ । स्वार्थ बाझिएको विषयमा यथासमयमा नियन्त्रण गर्ने र गलत कार्यमा संलग्न हुनेलाई दण्डित गर्ने सबल कानुनको व्यवस्था हालसम्म हुन सकेको छैन । नेपालका कतिपय शासक स्वार्थ बाझिएका विषयमा निर्णय लिनु दैनिकी ठान्छन् । यो जघन्य अपराध हो भन्ने सामान्य सोच उनीहरूमा देखिँदैन । जनताले अत्यन्त ठुलो आशा गरेका दल नै स्वार्थको संघर्षका हिसाबले आलोचित छन् ।

राज्यका अङ्गहरूमा रहेर आफ्नो भूमिका निर्वाह गर्दा त्यस कार्यमा स्वार्थ बाझिने विषय छन् वा छैनन् स्पष्ट भएर स्वघोषणा गर्नु अत्यावश्यक हुन्छ । जब सार्वजनिक जिम्मेवारीको भूमिकामा पुगिन्छ, त्यस समय पहिलेको व्यवसायबाट पूर्ण रूपमा अलग हुनु पर्छ । यो अन्तर्राष्ट्रिय अभ्यास हो । राजनीतिक दलहरू र पालिकाका प्रमुखलगायत अन्य जनप्रतिनिधिले आफ्नो भूमिका स्थानीय तहका ठेकेदारका रूपमा निर्वाह गरी आएको तितो यथार्थता छ । सार्वजनिक पदमा रहँदा नेपालका नीति निर्माताले आफ्नै जिम्मेवारीमा रहेका निकायमा कन्सल्टेन्सी गरेका छन् । नेपालका उच्च पदस्थहरू व्यापारिक घरानामा रोजगारीका लागि वातावरण बनाउँछन् । अवकाशपश्चात् सोही निकायमा कार्यरत रहने र पूर्वअनुभव र क्षमताको दुरुपयोग गर्छन् ।

स्वार्थको द्वन्द्वलाई सम्बोधन गर्ने कानुनी व्यवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका छैनन् र भएका पनि अपर्याप्त छन् । विभिन्न सार्वजनिक पदाधिकारीको पेसागत आबद्धता र बदलिएको भूमिकाका बिचमा द्वन्द्वात्मक अवस्था सिर्जना गरिने गरी पद्धति, संयन्त्र, कानुनी प्रावधान तयार पारिन्छन् । अब वर्तमान संसद्मा हिजोका बेथितिलाई सुधार गर्न उत्साहित हुन सक्ने अवस्था छ वा छैन ? नीतिगत बहस र नीति निर्माण गर्दा यस्ता बेथिति नियन्त्रण गर्ने गरी अगाडि बढ्न सक्ने अवस्था सिर्जना होला नहोला ? वा विकृति र विसङ्गति अझै बढ्दै जाला ? प्रश्न अत्यन्त पेचिलो बन्दै गएको छ ।

सिक्टा सिँचाइ आयोजनामा ठुलो मात्रामा भ्रष्टाचार गरेको भनेर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक ठेकेदारविरुद्ध मुद्दा दायर गरेको थियो । यस मुद्दामा ठेकेदारले विशेष अदालतबाट सफाइ पनि पाए । यो मुद्दा अझै सर्वोच्च अदालतमा विचाराधीन छ । यही ठेकेदारलाई स्वार्थ बाझिने गरी सहरी विकास मन्त्रालयमा मन्त्री पनि बनाइयो । ठेकेदारले सम्पन्न गरेका अन्य धेरै आयोजनाको गुणस्तर अत्यन्त कमजोर भएकाले यस्ता विषय विवादित बन्दै आएका छन् । सहभागितामूलक प्रतिनिधित्व गराउने नाममा स्वार्थको सङ्घर्ष हुने गरी पटक पटक थुप्रै जिम्मेवारी प्रदान गरिएका छन् । मेडिकल कलेज सञ्चालक र निजी विद्यालयका लगानीकर्ताहरू स्वास्थ्य र शिक्षासम्बन्धी संसदीय समितिमा हुने गरेका छन् । यसै गरी म्यान पावर कम्पनीका सञ्चालकहरूले उद्योग, वाणिज्य, श्रम र उपभोक्ता हितसम्बन्धी समितिमा जिम्मेवारी पाउने गरेका छन् । नेपालका राज्य सञ्चालकमा यसले पार्ने प्रभावका बारेमा थोरै मात्र पनि जानकारी भएको र यसलाई नियन्त्रण गर्नु पर्छ भन्ने इच्छाशक्तिको अभाव छ ।

संयुक्त राष्ट्रसङ्घको १४ औँ महासभाबाट सन् २००३ मा भ्रष्टाचारविरुद्धको घोषणा पत्र जारी गरिएकोमा नेपाल त्यस दस्ताबेजमा हस्ताक्षर गर्ने देशका रूपमा रहेको छ । त्यस दस्ताबेजले स्वार्थको संघर्षलाई भ्रष्टाचारको एक स्वरूपका रूपमा स्वीकार गरेको छ । सम्बन्धित राष्ट्रहरूले आफ्ना कानुनमा संशोधन गरेर वा नयाँ कानुन निर्माण गरेर यस अपराधलाई भ्रष्टाचारसरह नै दण्डित गर्ने नीति अवलम्बन गर्नसमेत समझदारी बनाएका छन् तर नेपालको ध्यान यसतर्फ जान सकेको छैन । यससम्बन्धी ऐनको मस्यौदासम्म पनि तयार गरिएको छैन । यस अर्थमा नेपालमा यसलाई कानुनी रूपमै दण्डित गर्नेभन्दा नैतिकताको कसीमा जोडेर हेर्ने गरी छाडी दिएको छ । नैतिकताको बारेमा कानुनले नभई समाजले दण्डित गर्छ तर नेपाली समाज स्वार्थको द्वन्द्वलाई प्रोत्साहित गर्न अभ्यस्त छ । संसद्ले यस विषयलाई प्राथमिकतामा राखी विश्वले गरेको प्रतिबद्धता अनुरूपको कानुन बनाउनु पर्छ । यस परिस्थितिमा यस अपराधलाई सामाजिक मूल्य मान्यताभन्दा बढी गम्भीर अपराधका रूपमा ग्रहण गर्ने र कानुनी उपचारको बाटो अवलम्बन गरिने अवस्था आउँछ । यस प्रकारका प्रयास हुँदै गर्दा स्वार्थको संघर्षलाई नियन्त्रण गरी भ्रष्टाचारलाई नियन्त्रण गर्न थप सहायकसिद्ध हुने आशा गर्न सकिन्छ ।

स्वाइन फिभरको प्रकोपले बंगुरपालन घट्दै

झापा(प्रस) । झापाको कमल गाउँपालिकामा स्वाइन फिभरको प्रकोपका कारण बंगुरपालन घट्दै गएको छ । केही समयअघिसम्म सबैभन्दा आकर्षण बनेको बंगुरपालन व्यवसाय विभिन्न रोगको प्रकोपले अहिले घट्दो अवस्थामा रहेको जनाइएको छ ।

कमल गाउँपालिकाका साथै झापा जिल्लाभर नै बंगुरपालनबाट किसानहरू विस्थापित बन्दै गएका छन् । कमल गाउँपालिकाका पशु शाखाका प्रमुख दीपेन्द्र लामिछानेका अनुसार पछिल्लो समयमा विभिन्न रोगहरूका कारण किसानहरूले बंगरपालन छाड्दै गएकाले खोरहरू रित्तिएका छन् ।

अफ्रिकन र एसियन गरी दुई प्रकारका भाइरसको संक्रमण देखिएको छ । जसमध्ये अफ्रिकन खतरनाक छ । पालिकामा २२ हजार वयस्क बंगुर रहेकोमा अहिले यो घटेर आधा भएको अनुमान गरिएको उनले जनाए । कमलमा मात्र एक सय २७ वटा व्यावसायिक बंगुर फार्महरू दर्ता भएका छन् । यसैगरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र झापाका पशु चिकित्सक डा. रोशन दाहालका अनुसार बंगुरमा देखिने रोगका कारणले गर्दा बंगुरपालन क्षेत्रमा ठुलो समस्या परेको बताए । पछिल्लो समयमा भाइरसको संक्रमण झन् बढ्दो अवस्थामा रहेको उनले बताए ।

आफैँ पनि यो भाइरस हराउन सक्ने भएकाले अहिले भाइरसको समस्याको विषयमा जाँच गर्न लागिएको समेत उनले जानकारी दिए । पुराना खोरहरूमा नयाँ बंगुर ल्याएर राख्दा पनि भाइरस सर्ने जोखिम धेरै रहेको उनले बताए । एकपटक रोग देखा परेको बंगुर फार्ममा लामो समयसम्म भाइरस रहेको हुनसक्ने पशु चिकित्सक दाहालले बताए ।

क्षयरोगका बिरामीलाई पोषण प्याकेज बितरण

मेचीनगर(प्रस) ।झापाको मेचीनगर नगरपालिकामा क्षयरोग बिरामीहरुलाई पोषण प्याकेज बितरण गर्न थालिएको छ । 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने मुख्य नारासहित मेचीनगर नगरपालिकालाई क्षयरोगमुक्त पालिका घोषणा अभियानअन्तर्गत सोमवारबाट पोषण प्याकेज वितरण कार्य शुरु गरिएको हो । नगरपालिका वडा नम्बर –१० का २२ जना क्षयरोगका बिरामीहरुलाई पोषण प्याकेज वितरण गरिएको हो । नगरको स्वास्थ्य शाखाले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि नगर उपप्रमुख मीना पोखरेल उप्रेतीले पोषण सामग्री प्रदान गरिन् । स्वास्थ्य शाखा संयोजक सविता सापकोटा निरौलाका अनुसार चामल २५ केजी (एक बोरा), बदाम, दाल, सातु, एक/ एक केजी, तेल एक लिटर, अण्डा एक क्यारेटसहित यातायात खर्चका रुपमा नगद चारसय रुपैयाँ प्रदान गरिएको हो । धुलावारी प्राथमिक स्वास्थ्य केन्द्रको परिसरमा केन्द्रका प्रमुख डाक्टर आशिष निरौला, वडा नम्बर –१० का वडा सदस्य सोमनाथ ओझालगायतले संयुक्तरुपमा पोषण सामग्री प्रदान गरेका थिए । स्वास्थ्य शाखाले नगरपालिका क्षेत्रमा क्षयरोगका बिरामी बढ्दै गएको जनाएको छ । नगर स्वास्थ्य शाखाका क्षयरोग फोकल पर्सन सदिक्षा भट्टराईका अनुसार मेचीनगरमा २०८० साउनदेखि माघ मसान्तसम्म १ सय १३ जना क्षयरोगका बिरामी फेला परेका छन् । चालु आर्थिक बर्ष २०८०/०८१ को यो अवधिमा सबैभन्दा बढी मेचीनगर वडा नम्बर ६ मा २४ जना क्षयरोगी फेला परेका हुन् । गत आर्थिक बर्ष २०७९/०८० मा नगरमा २०५ जना क्षयरोगी फेला परेकामध्ये जटिल प्रकृतिको क्षयरोगी ७ जना भेटिएको उनको भनाई छ ।

नगरको वडा नं. १५ मा १४ जना, वडा

तीन गुणामात्र आवेदन भर्ने व्यवस्था गर्न कोरियाको आग्रह

झापा(प्रस) । कोरिया भाषा परीक्षाका लागि माग भएभन्दा झण्डै १० गुणाभन्दा बढी कामदारको आवेदन परेपछि आगामी वर्षदेखि माग भएको तीन गुणा मात्र आवेदन भर्ने व्यवस्था गर्न आग्रह गरेको छ । साथै यसवर्षको कोरिया भाषा परीक्षा छिटो सक्न आग्रह समेत गरेको छ । यस वर्ष धेरैको आवेदन पर्दा उत्पादन बाहेकका कामदार लैजान नसक्ने भन्दै आगामी वर्षदेखि आवेदनलाई सीमित गर्नका लागि उसले आग्रह गरेको हो ।

यस वर्ष उत्पादनमूलदक क्षेत्रका लागि आवेदन दिएकाहरुको परीक्षा सक्नै एक वर्ष लाग्ने भएकाले अन्य क्षेत्रमा थप कामदार लैजान नसकिने भन्दै नेपाललाई पत्र पठाएको छ ।

इपिएस प्रणालीबाट विदेशी कामदार लैजाने प्रक्रिया हेर्ने एचआरडी कोरियाका अध्यक्षले पठाएको पत्र मङ्गलबार मात्र नेपालले प्राप्त गरेको छ ।

ग्वार्कोस्थित इपिएस कोरिया शाखाका प्रमुख मैया कँडेलका अनुसार अन्य क्षेत्रमा नेपालमा भाषा परीक्षा नै लिन नसकिने भएका कारण ती क्षेत्रहरुमा अन्य देशहरुबाट नै कामदार लैजाने कोरियाले उक्त पत्रमार्फत नै जानकारी गराएको छ ।यसअघि नै परीक्षा र सीप उत्तीर्ण गरेर रोस्टममा रहेकाहरुलाई यो व्यवस्थाले कुनै असर नगर्ने कँडेल बताउँछिन् ।

उनका अनुसार उत्पादनमूलक क्षेत्रमा जानका लागि एक लाख ६३ हजार परीक्षार्थीको परीक्षा सक्न आगामी वर्षको पुस २ गतेसम्म लाग्ने भएको छ ।

प्रमुख कँडेलका अनुसार यस वर्ष दक्षिण कोरियाले नेपालबाट उत्पादन क्षेत्रबाट १५ हजार ९०० जनामात्र कामदार लाने व्यवस्था गरेको छ । नेपालबाट लैजानेभन्दा १० प्रतिशत बढीको आवेदन परेपछि परीक्षा सक्न एक वर्ष लाग्ने देखिएको उनको भनाइ छ ।

गत वर्ष इरानमा ८३४ लाई मृत्युदण्ड

एजेन्सी । इरानले गत वर्ष कम्तीमा आठ सय ३४ जनालाई मृत्युदण्ड दिएको दुई अधिकार समूहले मङ्गलबार बताएका छन् । इरानमा मृत्युदण्डको सजाय बढ्दै गर्दा उक्त संख्या सन् २०१५ यताकै उच्च हो ।

इरानले हालैका वर्षमा फाँसी दिएर कार्यान्वयन गरेको मृत्युदण्डको संख्या सन् २०२२ मा करिब ४३ प्रतिशतले बढेको छ । नर्वेस्थित ह्युमन राइट्स (आइएचआर) र पेरिसस्थित टुगेदर अगेन्स्ट द डेथ पेनाल्टीको संयुक्त प्रतिवेदनमा एक वर्षमा आठ सयभन्दा बढी मृत्युदण्डको सजाय दुई दशकमा यो दोस्रो पटक भएको बताएका छन् । सन् २०१५ मा नौ सय ७२

लाई मृत्युदण्ड दिइएको थियो । दुवै समूहले इरानमाथि सन् २०२२ सेप्टेम्बरमा महसा अमिनीको प्रहरी हिरासतमा भएको मृत्युपछि अधिकारीहरूलाई हल्लाएको विरोध प्रदर्शनका क्रममा इरानले समाजमा डर फैलाउनका लागि मृत्युदण्डको सजायको प्रयोग गरेको आरोप लगाएका छन् ।

आइएचआरका निर्देशक महमुद अमिरी-मोघद्दमले प्रतिवेदनमा भनेको छन्, "सामाजिक त्रास उत्पन्न गर्नु भनेको सत्तामा टिकिरहने शासनको एक मात्र तरिका हो र मृत्युदण्ड यसको सबैभन्दा महत्वपूर्ण साधन हो ।" प्रतिवेदनमा आठ सय ३४ को आँकडालाई 'आश्चर्यजनक कुल' भनिएको छ ।

अधिकार समूहहरूका अनुसार इरानले सन् २०२२ को विरोध प्रदर्शनहरूमा सुरक्षा बलमाथि हमलासँग सम्बन्धित मामिलामा नौ जनालाई मृत्युदण्ड दिएको छ । तीमध्ये सन् २०२२ मा दुई, सन् २०२३ मा छ र सन् २०२४ मा एक जनालाई मृत्युदण्ड दिइएको छ । यद्यपि अन्य आरोपहरूमा मृत्युदण्डको सजयालाई बढाइएको छ । विशेषगरी हालैका वर्षमा गिरावट देखिएको लागूपदार्थसम्बन्धी मामिलामा मृत्युदण्डको सजाय बढेका छन् । "सन् २०२३ मा लागूपदार्थसँग सम्बन्धित मृत्युदण्डको संख्यामा नाटकीय वृद्धि हुनु विशेष चिन्ताको विषय हो, यो बढेर चार सय ७१ सम्म पुगेको छ । सन् २०२० मा रेकर्ड गरिएको आँकडाको तुलनामा यो १८ गुणा बढी हो", प्रतिवेदनमा भनिएको छ ।

अपहरणको धम्कीको आरोपमा तीन पक्राउ

झापा(प्रस) । छोरा अपहरण गरेको धम्की दिँदै पैसा माग्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा झापाको मेचीनगर नगरपालिका-६ मा बस्ने २६ वर्षीय सविन मैनाली, सोही नगरपालिकाका १० मा बस्ने २७ वर्षीय शुभम् मैनाली र सुनसरीको धरान उपमहानगरपालिका-३ बस्ने १९ वर्षीया आशिका बराइली रहेका छन् ।उनीहरूले गत फागुन ५ गते बिहान सप्तरी राजविराज-७ बस्ने पीडितलाई ह्वाट्स एपबाट कल गरी 'तपाईँको छोरा मेरो कब्जामा छ, छोरा चाहिन्छ भने मैले भने बमोजिम रकम पठाउनुस्, यो कुरा अन्य कसैलाई जानकारी गराएमा तपाईँको छोरालाई मारी दिन्छु' भन्दै धम्की दिएका थिए ।

पीडितलाई विभिन्न किसिमको डर त्रास देखाई विभिन्न व्यक्तिहरूको फरक फरक खातामा १२ लाख ८० हजार रुपैयाँ जम्मा गर्न लगाएको मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक श्यामकुमार महत्तोले जानकारी दिए । उनीहरूले ह्वाट्स एपको प्रोफाइल पिक्चरमा प्रहरी वरिष्ठ अधिकृतको फोटो समेत दुरुपयोग गरेको देखिएको महत्तोको भनाई छ ।

यस विषयमा अनुसन्धान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट परिचालित प्रहरी टोलीले ठगीमा संलग्न देखिएका उनीहरूलाई फागुन १८ गते पक्राउ गरेको हो ।पीडितको जाहेरीको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा ठगी (अनलाइन) शीर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालत सप्तरीबाट अनुसन्धानको लागि दिन सात म्याद थप गरी अनुसन्धान भइरहेको महत्तोले बताए ।

कोशीटप्पुमा चराको संख्या घट्यो

झापा(प्रस) । कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रलगायत कोशी क्षेत्रमा यो वर्ष चराको संख्या घटेको छ । चराको गुणस्तरीय बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास निर्माण, खेतीबालीमा बढ्दो विषादीको प्रयोग र मानवीय क्रियाकलापले गर्दा चराका संख्या घटेको हो।

मिड-विन्टर वाटर वर्ड सेन्सस २०२४ अन्तर्गत यस वर्ष कोशीटप्पु आरक्षलगायत कोशी नदी क्षेत्रमा गरिएको गणनामा यस वर्ष ५३ प्रजातिका पाँच हजार पाँच सय २७ को संख्यामा चरा फेला परेको छ। गत वर्ष ५६ प्रजातिका सात हजार ५७३ चरा रहेको तथ्यांक छ। बर्सेनि नयाँ-नयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि यस वर्षको गणनामा चराको प्रजाति र संख्यामा कमी आएको राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र

गौतमले बताए।

गत पुस २५ देखि २९ गतेसम्म चरागणना गरी विश्व सिमसार दिवसका अवसरमा तथ्यांक सार्वजनिक गरिएको हो। कोशीमा सबैभन्दा धेरै ८४८ को संख्यामा सिलसिले हाँस फेला परेका छन्। त्यसैगरी उच्च संख्यामा फेला परेका १० प्रजातिका चरामध्ये चखेवा ५०६, राज हुटिट्याउँ ४५५, जलेवा ४४५, वस्तु बकुल्ला ३७६, सानो जलेवा ३७१, कर्रा सवारी २५७, लामाऔंले २२२, आसकोटे बकुल्ला २१० र जलरंग १८७ फेला परेका छन्।

पानीमा आश्रित चरालाई सिमसार संरक्षणको अभाव हुनुका साथै आहाराको कमीले चराको संख्या घटेको हुनसक्ने कोशी पक्षी समाजका अध्यक्ष चक्र तिम्सिनाले बताए। उनका अनुसार रसिया, साइबेरियालगायतका मुलुकबाट जाडो छल्न आउने पर्यटक चरा खेल्ने सिमसारमा मोटरबोट सञ्चालनमा आउनाले पनि चराको संख्यामा कमी आएको हो।

कोरोनाले विश्व आक्रान्त बनेको समय सन् २०१९ को गणनामा कोशीमा चराको संख्या अत्याधिक बढेर नौ हजार २८९ पगेको थियो। यस समयमा मनाव चहलपहल कम हुनाले सिमसार खोलानालामा चराको संख्या बढेको हुनसक्ने राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख गौतमले बताए। असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहन्छ र चैत महिना लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने गर्दछन्। सुनसरी, सप्तरी र उदयपुर जिल्लाको सङ्गमस्थलमा रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ। करिब ५० प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलङ्कातिर जान्छन्।

जाडो छल्न नेपाल आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदीशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहन्छन्। यसरी जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी र भद्राइ आदि पनि पर्छन्। दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौँ ग्रीष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउँछन्। यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्किन्छन्। यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt. Ltd. Estd:2065 ANARMANI-3, BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिष्टिम आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।